जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १८९ | २०७६ साल फागुन १४ गते बुधवार (26 Feb. 2020 Wednesday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : आर्सेनिकयूक्त खानेपानी ... ३ पृष्ठमा : सन् २०२० मा गरिने ... ३ पृष्ठमा : महात्मा गान्धीकोदृष्टिकोणमा ...

# सप्तरीबाट २ सय ५६ वटा आर्थिक अनियमितताका उजुरी

**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

अख्तियार अनुसन्धान आयोगले आ.ब. २०७५/०७६ मा सप्तरी जिल्लाबाट सर्वाधिक २ सय ५६ वटा आर्थिक अनियमितताको उजुरी परेको तथ्याङ्क सार्वजनिक गरेको छ ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरी कार्यालयद्वारा मंगलबार राजविराजमा आयोजित भ्रष्टाचार नियन्त्रण र शुसासन प्रवर्द्धनका लागि जिल्ला स्तरिय अन्तरक्रिया कार्यक्रममा सो तथ्यांक सार्वजनिक गरेको हो ।

आयोगका शाखा अधिकृत गिरीराज भट्टराईले प्रतिवेदन प्रस्तुत गर्दै १ सय ४९ वटा उजुरी स्थानिय तहमा भएको आर्थिक अनियमितताका रहेको जानकारी दिए ।

उनले पुरानो सरेर आएको १ सय २२ तथा आर्थिक वर्ष २०७५/०७६ मा परेको २ सय ५६ उजुरी गरी कुल ३ सय ७८ मध्ये १ सय ८२ उजुरीको फर्छ्यौट

*बाँकी तीन पृष्ठमा*

# उन्नाइस तोला सुनसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १३ फागुन ।**

इलाका प्रहरी कार्यालय लहानको टोलीले १९ तोला अवैध सुनसहित मंगलबार दुई जनालाई पक्राउ गरेको छ ।

लहानस्थित शहिद चौकबाट १९ तोला ९७ लाल सुनसहित लहान नगरपालिका १९ निवासी मो.मोतिउल रहमान र मो.मुचुजालाई प्रहरीले पक्राउ गरेको हो ।

गोप्य सूचनाको आधारमा प्रहरी टोलीले पुर्वबाट पश्चिमतर्फ जाँदै गरेको को.३८प. २६३२ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्दा दुबैको साथबाट सुनको ४ वटा चेप्टो टुक्रा गोलो बनाई लुकाईछिपाई राखेको करिब १५ लाख ५८ हजार मुल्य बराबरको अवैध सुन बरामद् भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरिक्षक बिनोद घिमिरेले जानकारी दिएका छन् ।

यता पक्राउ परेका सुनसहित दुबैजनामाथि कार्वाहीका लागि जिल्ला भन्सार कार्यालय माड्रमा बुझाइने प्रहरी नायब उपरिक्षक घिमिरेले बताए ।

# चोरी गर्न आएका अन्सारी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

सप्तरीको बलान बिहुल गाउँपालिका ५ रामनगर कोदरकट्टीमा आइतबार बिहान चोरी भएको २४ घण्टा नबित्दै पुनः चोरी गर्न आएका एक चोरलाई स्थानीयहरुले मंगलबार बिहान पक्राउ गरेको छ ।

आइतबार राती उक्त टोलमा आधा दर्जन घरमा चोरी भएपछि उक्त टोलमा पुनः चोरी गर्न आएका भारतको मधुवनी जिल्ला

*बाँकी तीन पृष्ठमा*

"खोप पाइ स्वस्थ रहने बालबालिकाको अधिकार,
खोप पूरा गराई बनौं जिम्मेवार"

**राष्ट्रिय दादुरा-रुबेला खोप अभियान**
**फागुन - चैत्र २०७६/७७**

यही २०७६ साल फागुन र चैत्र महिनामा संचालन हुने दादुरा-रुबेला खोप अभियानमा आफ्ना ९ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाऔं।
साथै, नियमित खोप तालिका अनुसार १५ महिनाभित्रमा सबै खोपको मात्रा पूरा गरौं।

**पहिलो चरण**
फागुन, २०७६
प्रदेश: १, २ र ५

**दोस्रो चरण**
चैत्र, २०७६
प्रदेश: बाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम



खोप नि:शुल्क पाईन्छ | खोपले जीवन रक्षा गर्छ | खोप सुरक्षित छ

जनहितमा जारी

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

Ncell

प्राविधिक सहयोग
युनिसेफ र साझेदारहरू

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | Prabhu Money Transfer प्रभुको इच्छा | City Express Money Transfer | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

# हुलाकी राजमार्गको ३८५ किमी सडक कालोपत्र

काठमाडौं, १३ फागुन (रासस)।
हुलाकी राजमार्गको भौतिक प्रगति ४८ प्रतिशत पुगेको छ। राष्ट्रिय गौरवको सो आयोजना अन्तर्गत हालसम्म झण्डै ३८५ किलोमिटर सडक कालोपत्र भएको छ।

सो राजमार्गको लम्बाई ९७५ किमी रहेकोमा अहिलेसम्म ३३८ किमी सडक खण्डास्मित (ग्राभेल) तथा ९२ पुल सम्पन्न भइसकेको आयोजनाले जनाएको छ। चालु आर्थिक वर्षमा ९७ किमी कालोपत्र, ४२ किमी खण्डास्मित र पाँच पुल सम्पन्न भएको छ।

बाँकी निर्माणका लागि ठेक्का सम्झौता भइरहेको आयोजना प्रमुख रोहितकुमार बिसुरालले जानकारी दिनुभयो। तराईका धेरै जिल्लामा सडक प्रयोगमा आइसकेका छन्। आयोजनाअन्तर्गत अधिकांश स्थानमा नयाँ ट्र्याक खोल्नेभन्दा राजमार्गका रूपमा स्तरोन्नतिको काम भइरहेको छ। उहाँले भन्नुभयो, "पहिले स्थानीय सडकका रूपमा रहेकामा अहिले हुलाकी राजमार्गको मापदण्डानुसार स्तरोन्नति भइरहेको छ।"

निकुञ्ज क्षेत्र र जङ्गल क्षेत्रमा बाहेक अधिकांश स्थानमा सडक निर्माण अघि बढिरहेको आयोजनाले जनाएको छ। निकुञ्जको भित्री भागमा साढे आठ किमी र 'बफर जोन' १५ किमीमा निर्माण प्रक्रिया अघि बढेको छैन। चितवन राष्ट्रिय निकुञ्जमा वातावरणीय अध्ययन सकिए पनि अझैसम्म निकुञ्ज कार्यालय वन विभागबाट स्वीकृति आइसकेको छैन। सो प्रक्रियामा लामो समय लाग्ने भएकाले त्यसको विकल्पमा समेत छलफल भइरहेको छ। सो क्षेत्रमा 'एलाइनमेन्ट' परिवर्तनका विषय पनि अघि बढेको जनाइएको छ। उक्त मार्गमा पूर्व-पश्चिम राजमार्गमै जोड्न सकिने विषयमा समेत छलफल भइरहेको प्रमुख बिसुरालले बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीले छुट्टै राजमार्ग निर्माणभन्दा तराई-मधेशका जनतालाई कसरी सहज हुन्छ भन्ने हो।" उक्त सडकले तराईका धेरै बस्ती समेट्ने र भारतको सीमा क्षेत्रसम्म पुग्नेछ। कतै कालोपत्र त कतै ग्राभेल सडकका कारण अहिले नै यहाँका स्थानीयवासीलाई सहज हुन थालिसकेको उहाँले बताउनुभयो। पहाडी क्षेत्रको पूर्वदेखि पश्चिमसम्म जाने मध्यपहाडी राजमार्गले ठाउँठाउँमा नयाँ बस्ती निर्माण गर्ने भए पनि सो आयोजनाले पुराना बस्ती हुँदै अघि बढ्छ। राजमार्गस्तरको भए पनि यो सडकमा गति अन्यत्र जस्तो नहुन सक्ने उहाँले जानकारी दिनुभयो। लामो दूरीका सवारीसाधनसँगै यी सडकमा गाढा, ट्याक्टरलगायतका स्थानीय सवारीसाधनसमेत चल्नेछ। उहाँले भन्नुभयो, "यी सबैलाई हेरेर अन्यत्रको राजमार्गमा भन्दा कम गति निर्धारण गर्नुपर्ने हुनसक्छ।"

सो आयोजनाले विसं २०७० भन्दा पहिले ठेक्का सम्झौता भइसकेका आयोजनासमेत अझै अलपत्र अवस्थामा छन्। कतिपय स्थानमा सडक सम्पन्न भए पनि पुलका कारण सञ्चालन हुनसक्ने अवस्था नभएको बताइएको छ।

राणा शासनमा चिठी

*बाँकी तीन पृष्ठमा*

# आर्सेनिकयूक्त खानेपानी पिउन बाध्य



*- डा.रामदेव पण्डित*

अहिले विश्व राजनीतिको एउटा विषय पानी पनि हुने गरेको छ। नेपालले त्यस स्तरबाट केही सोच्न र गर्न त भ्याएको छैन। नेपालसँग भएकै खानेपानीको उचित रूपमा व्यवस्थापन हुन नसकेको कुरा जग जाहेर छ। यहाँ पहाडका नागरीकहरूलाई भौगोलिक विकटताका कारण आधारभुत खानेपानी पुऱ्याउन कठिन भईरहेको छ। तराईका जनतासँग खानेपानिको उपलब्धता त छ तर उपलब्ध पानी पिउन लायकको छैन। तराईका अधिकांश ह्येयान्डपम्प जाँच गर्दा अधिकांशमा अधिक अधिक आर्सेनिक भेटिएको छ। यसरी आर्सेनिक युक्त पानी कुनैपनि हिसाबले शरीरमा प्रवेश गराउन हुन्न। आर्सेनिक बिष हो। आर्सेनिकले शरीरमा घातक रोगहरू सजिलै निम्त्याउछ। क्यानसर, किडनी रोगहरू, छालाहरू, तराईका जनतामा बढ्दै जानुमा पानी प्रमुख समस्याको रूपमा लिन सकिन्छ। यस बियमा सजग नबने तराईमा खानेपानीले घर घरमा रोगी उत्पन्न हुनेछ। तराई मधेश रोगी बन्नेछ।

आर्सेनिक युक्त पानि जनावरलाई समेत खुवाउन हुँदैन। कपडा सफा गर्दा आर्सेनिकका कारण कपडा पहेलो हुने र भाँडाकुडाँमा पहेँलो दाग बस्ने हुन्छ। आर्सेनिकयुक्त पानीको प्रयोगका कारण शरीरमा सजिलै पत्थरीको समस्या देखापर्छ। ५० पिपिबी भन्दा बढी आर्सेनिक भएको पानी स्वास्थ्यका लागि हानिकारक मानिन्छ। यस्तो पानीको प्रयोगले गर्भवती महिलामा क्यान्सरको समस्या र त्यस्तो पानीको लगातार प्रयोगले आर्सेर्कोसिस भन्ने रोग लाग्दछ। आर्सेनिकयुक्त पानी लामो समय खाँदा मन्द विष झै छालाका रोग लाग्छ। त्यस्तो पानीले छाला, कलेजोको सिरोसिस, मुटु (उच्च रक्तचाप) र श्वासप्रश्वास सम्बन्धी रोगको लाग्दछ। आर्सेनिकयुक्त पानी खाँदा शरीरको जुनसुकै अंगलाई हानी पुग्न सक्छ। शुरूमा छाला कालो हुन्छ। हत्केला र पैतलामा खस्रो खालको दाना आउँछ। नङ फुट्ने, सेतो हुने समस्या आउँछ। अन्तिम अवस्थामा बिभिन्न प्रकारका क्यान्सरको विकास हुन्छ। तराईवासीहरू स्वास्थ्यको दृष्टिले 'मन्द विष रहेको आर्सेनिक युक्त पानी पिउन बाध्य छन्।

नेपालको संविधान २०७२ मा नागरिकले स्वच्छ पानी पिउन पाउनुपर्ने कुरा उल्लेख गरिएको छ। तर अझैसम्म पनि नागरिक आधारभूत खानेपानीबाट वञ्चित छन्। खानेपानी तथा ढल व्यवस्थापन विभागका अनुसार अहिलेसम्म ८८ प्रतिशत नागरिकका घरमा आधारभूत सेवा स्तरको खानेपानीको पहुँच पुगेको छ। केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेपालको जनसङ्ख्या २ करोड ९८ लाखभन्दा बढी छ। यो जनसङ्ख्याको १२ प्रतिशत अर्थात् २४ लाख ८८ हजारभन्दा बढी नागरिक आधारभूत खानेपानी सेवाबाट वञ्चित रहेको छ।

आधा घण्टामा पानीको स्रोतमा पुगेर घरमा फर्किन सक्ने अवस्थालाई नेपाल सरकारले आधारभूत सेवा स्तरका खानेपानी भन्ने गरिएको छ। आफ्नै घरमा निजी धाराका रूपमा स्वच्छ पानी छ भने उच्च तथा मध्यम स्तरको सेवाको खानेपानी भनिन्छ। अहिले नेपालमा मात्र २० प्रतिशत नागरिकमा उच्च तथा मध्यम स्तरको खानेपानीको पहुँच रहेको छ। सन् २०३० सम्ममा ९० प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी अर्थात सीधै धाराबाट थापेर खान मिल्ने स्वाच्छ खानेपानी पुर्याउने लक्ष्य छ।

मानव शरीरको करिब ६० देखि ७० प्रतिशत भाग पानीले बनेको छ। शरीरका सबै प्रणाली पानीमै निर्भर हुन्छ। पानीले हाम्रो शरीरको महत्वपूर्ण अंगबाट विषाक्त पदार्थ बाहिर निकाल्ने गर्छ। कोषहरूमा पोषणसमेत पुऱ्याउँछ। यसले कान, नाक र घाँटीका तन्तुलाई ओसिलो बनाइराख्न मद्दत पनि गर्छ। एक दिनमा कुनै पनि स्वस्थ वयस्क पुरूषको लागि करिब तीन लिटर र महिलाका लागि करिब सवा दुई लिटर पानी पर्याप्त हुन्छ। तर, व्यक्तिविशेषलाई दिनहुँ कति पानी आवश्यक हुन्छ भन्ने कुरा सम्बन्धित व्यक्तिको स्वास्थ्य, सक्रियता, बसोबासलगायत थुप्रै कारकमा निर्भर गर्छ।

रङहीन, स्वादहीन र सफा पानीलाई गुणस्तरीय मान्न सकिन्छ। यस्तै सूक्ष्मजीवाणुहरू हानिकारक माइक्रो अर्गानिजम नभएको पानी प्रयोग गर्न उपयुक्त मानिन्छ। पानी प्रयोग गर्नुभन्दा पहिला २७ वटा गुणस्तर मापदण्डमा पूरा गर्नुपर्ने अन्तराष्ट्रिय मान्यता छ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार प्रदुषित पानीले झाडापखाला, हैजा, आउँ, रगतमासी, टाइफाइड, हेपाटाइटिस, पोलियोलगायतका रोग हुन सक्छ। प्रदुषित खानेपानीले गर्दा उत्पन्न झाडापखालाले बर्सेनि ५ लाख २ हजार जनाको मृत्यु हुने गरेको आँकलन छ।

पानी शुद्ध बनाउनको लागि पहिलो सर्त हो- यो सङ्लो हुनु। फोहोरमैला मिसिएर पानि धमिलो भएको हुन्छ। यसैले सबैभन्दा पहिले पानीको धमिलोपन हटाउनुपर्छ। पानी धमिलो हुनु भनेको त्यसमा जीवाणुहरू हुनु हो। सामान्यतः पानीको धमिलोपन हटाउँदा मात्रै पनि ९० प्रतिशतसम्म जीवाणु आफैं हट्छन्। यसपछि थप शुद्धीकरण गरेर पानीलाई अझ स्वच्छ बनाउन सकिन्छ। शुद्धीकरणको सुरूको अवस्था नै पानीको धमिलोपन हटाउनु हो। शुद्ध पानीको व्यवस्थापनका लागि घरमा शौचालय र इनार बीचको दुरी कम्तीमा पनि १० मिटर पर हुनुपर्नेछ।

दिगो विकास लक्ष्यमा सन् २०३० भित्र सबै नेपालीमा सुरक्षित खानेपानी र प्रर्याप्त सरसफाइ पुर्याउने नेपालले पनि अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ। पहिलेको लक्ष्य समयमा नै हासिल गर्न नसके पनि सङ्घीय, प्रदेश र स्थानीय सबै तहका सरकारको सक्रियताले खानेपानी र सरसफाइ सबैको पहुँचमा पुऱ्याउन सकिने सरकारको आशा छ।

सङ्घीय, प्रदेश र स्थानीय सबै तहका सरकारको ध्यान पानीको पहुँच बढाउनु तिर मात्र केन्द्रित नभएर तराईको पानीमा व्याप्त अधिक मन्द बिषको व्यवस्थापन र विकल्प खोज्न तीर पनि हुनुपर्छ। आर्सेनिको यो समस्यालाई कुनै पनि सर्तमा नजरअन्दाज गर्नु देशकै लागि घातक हुनेछ।

*(मधेश दर्पण फिचर सेवा)*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सकरपुरा र को. मधेपुरा बिजयी

दैनिक समाचारदाता
राजविराज, १३ फागुन।

स्व. गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता अन्तर्गत तेश्रो दिनको खेलमा सकरपुरा र को. मधेपुरा बिजयी भएका छन।

सप्तरी क्रिकेट संघ संघको सहकार्यमा तथा तिलाठी कोईलाडी गाउँपालिकाको आयोजनामा संचालित क्रिकेट प्रतियोगिता अन्तगत बर्षाले प्रभावित मंगलवार सम्पन्न पहिलो खेलमा सकरपुराले निर्धारित १६ ओभरको खेलमा ४ बिकेट गुमाई १ सय १२ रनको योगफल तयार पारेको थियो।



सकरपुराका लागि साकेत सिंहले २५, मुकेश कुमार मण्डलले नटआउट रहि २४ तथा बिवेक राइले २३ रनको योगदान दिएका थिए। बलिंग तर्फ मंसापुरका देवकिनन्दन मण्डल, अजय मण्डल, धिरज मण्डल र सुवोध मण्डलले सामान १ बिकेट लिएका थिए।

१ सय १३ रनको लक्ष्य लिई मैदानमा ओर्लेको मंसापुर अन्तिम समयसम्म प्रयास गरेता पनी १ रनको हार ब्योहोर्नु परेको थियो। मंसापुरले निर्धारित १६ ओभरको खेलमा ७ बिकेट गुमाई १ सय ११ रन मात्र जोड्न सकेका थिए। मंसापुरका लागि सुबोध मण्डल २९, धिरज मण्डल २४, तथा अजय मण्डल र संजय साहले सामान १२ रनको योगदान दिएका थिए।

बलिंग तर्फ मंसापुरका पवन मण्डल र राजु सिंहले सामान २ बिकेट लिएका थिए भने बिवेक राई र साकेत सिंहले सामान १ बिकेट लिएका थिए। खेलको म्यान अफ द म्याच उत्कृष्ट प्रर्दशन गरे वापत सकरपुराका बिवेक राई घोषित भएका थिए।

मंगलवार नै सम्पन्न अर्को खेलमा तोपाले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित १६ ओभरको खेलमा ४ बिकेट गुमाई ८२ रन जोडन सफल भएका थिए। तोपाका लागि परमेश्वर यादव तथा रमेश यादवले २० रनको योगदान दिएका थिए। बलिंग तर्फ को. मधेपुराकालागि अभय सिंहले ३ तथा रोशन सिंहले १ बिकेट लिए थिए।

८३ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको को मधेपुराले उक्त लक्ष्य सजिलै १२ ओभर ४ बलमा ४ बिकेटको नोक्सानीमा भेटाएका थिए। को मधेपुराको लागि सुमन मण्डलले १८ तथा रोशन सिंहले नटआउट रहि १५ रनको योगदान दिएका थिए। तोपाका लागि बलिन मण्डलले २ तथा रविन्द्र मण्डलले १ बिकेट लिएका थिए। खेलको म्यान अफ द म्याच उत्कृष्ट प्रर्दशन गरे वापत को. मधेपुराका अभय सिंह घोषित भएका थिए।


# सन् २०२० मा गरिने कार्यक्रम बारे जानकारी

**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

सेभ द सप्तरीले अगामी सन् २०२० मा गर्ने आफ्ना बिभिन्न कार्यक्रमको बारेमा जानकारी दिएको छ । राजविराजस्थित सेभ द सप्तरीको कार्यलयमा मंगलबार आयोजित कार्यक्रम सल्लाहकार समितिको बैठकले सो जानकारी दिएको छ ।

राजविराज नगरपालिकासहित जिल्लाको छिन्नमस्ता, तिलाठी कोइलाडी तथा बिष्णुपुर गाउँपालिकाको कार्यरत संरचना अनुसार १० वटा कृषक समूह, ३ सहकारी संस्था, १६ वटा स्वास्थ्य चौकी, ५१ वटा आधारभूत विद्यालय र १३ माध्यमिक विद्यालय तथा ८५ वटा बाल विकास केन्द्र, १२६ बाल क्लव, १६ वडा बाल क्लव सञ्जाल र एक गाउँबाल क्लव सञ्जाल, २७ वडा बाल संरक्षण समिति तथा २ सय २५ वटा लघु उद्यमीहरुलाई अहिलेसम्म सेवा पुऱ्याएको बारे समुन्नति कार्यक्रम संयोजनक गोपाल प्रसाद चौधरीले जानकारी दिएका छन् ।

सन् २०१९ मा प्राप्त गरेको उपलब्धीहरु ३ सय ९ प्रजनन् उमेरका महिलाहरुले मातृ तथा नवजात शिशु स्वास्थ्य बारे जानकारी, स्वास्थ्य संस्थामा



मातृ मृत्यु निगरानी प्रतिकार्य परिचालन, स्वास्थ्य संस्थामा मातृ स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार टोली गठन भएको र १५ स्वास्थ्य कर्मीहरुलाई तालिम दिइएको बताइएको छ ।

संक्रमण रोकथामको लागि सखडा स्वास्थ्य चौकीमा औजार सहयोग, सूचना प्रविधिको माध्यमद्वारा बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न ल्यापटप, प्रोजेक्टर, पेनड्राइभ र साउण्ड बक्स प्रदान गरिएको छ ।

यस्तै सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले आगामी सन् २०२० को ६ महिनाको अवधिमा ग्रामीण खानेपानी तथा पुर्ण सरसफाइ, बर्थिङ्ग केन्द्रको लागि मर्मत सम्हार, प्रसुती गृहमा नवजात शिशु स्याहार कुन्ना स्थापना, प्रसुती गृहमा कङगारु मदर स्याहार कुन्ना स्थापना, स्वास्थ्य संस्थामा मातृ स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार टोली गठन र व्यवास्थापन समितीका पदाधिकारीहरुलाई तीन दिने तालिम दिइने जनाइएको छ ।

त्यस्तै विद्यालय भर्ना अभियानमा सहयोग समुदायमा गणितिय शिविर/महोत्सव न्युमेरेसी बुस्ट माध्यमबाट शिक्षण गर्न सामग्री प्रदान विद्यालयमा अतिरिक्त क्रियाकलाप कक्षा १ मा पढाउने शिक्षककहरुको लागि न्युमेरेसी बुस्ट तालिम कोठाभित्रको बुक कर्नर/पुस्तकालय स्थापनामा सहयोग विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक, अभिभावक, पालिका प्रतिनिधि, विद्यार्थी र वडा सदस्यको संयुक्त गुणस्तरीय शिक्षा सुदृढिकरण कार्यशालाको आयोजना गरिने समुन्नति कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

बिष्णुपुर गाउँपालिकाका अध्यक्ष लिलम्बर यादवको प्रमुख अतिथियमा आयोजित कार्यक्रम सल्लाहाकार समितिको बैठकमा बिभिन्न सरकारी तथा गैरसरकारी संस्था, पत्रकार गाउँपालिका र नगरपालिकाका प्रमुख, प्रतिनिधि, कृषि क्षेत्रका प्रमुखसहितकाको उपस्थित रहेको उक्त कार्यक्रममा सेभ द सप्तरीले जिल्लाको दक्षिणी र पश्चिमी भेगमा गरेको कार्यक्रमबाट स्थानिय जनतालाई बिभिन्न शिक्षा, स्वास्थ्य, कृषि, लघुउद्यमी जस्ता कार्यक्रमहरु ल्याएर ठूलो योगदान पुऱ्याइरहेको भन्दै धन्यवाद दिइएको छ ।

जिल्ला समन्वय समितिका संयोजक प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन थापा, नेपाल शिक्षक महासंघका अध्यक्ष दिनेश कुमार यादव, सेभ द चिल्ड्रेनका अरुण महतो, छिन्नमस्ता गाउँपालिका अध्यक्ष सुर्यनारायण मण्डल, नेपाल पत्रकार महासंघका उपाध्यक्ष श्यमसुन्दर यादव, सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देव लगायतका वक्तहरुले बोलेका थिए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख किसुनदेव राउत, सवल नेपालका अध्यक्ष जुना गिरी, एनजिओ फेडरेशनका उपाध्यक्ष बलदेव मण्डल, सेभ द सप्तरीका फिल्ड अफिसर बिष्णुकान्त देव, कृषि प्राविधिक रामकुमार साह, प्रोग्राम सुपरभाइजर मोनिका मिश्र, राजिव चौधरी, दुर्गानन्द शर्मा र संतोष यादव लगायत सेभ द सप्तरीमा कार्यरत कर्मचारी तथा सामुदायिक परिचालकहरुको उपस्थित रहेको थियो ।

### *सप्तरीबाट...*

गरी सकेको र बाँकी १ सय ९६ उजुरी छानविनको क्रममा रहेको बताए ।

कार्यक्रममा आयोगको ईटहरी कार्यालयका प्रमुख चक्र बहादुर बुढाले आर्थिक अनियमितता र भ्रष्टाचार विषयमा आयोगमा परेको उजुरी तथा गुनासाका आधारमा सुक्ष्म अनुसन्धान गरी आयोगले निष्पक्ष ढंगले कार्यवाही प्रकृया अघि बढाउने गरेको बताए । उनले सुशासन र भ्रष्टाचार नियन्त्रणका लागी आयोगले गर्ने गरेको गतिविधिमा सवैले सहयोग गर्नुपर्नेमा जोड समेत दिए ।

यता अधिकांस जनप्रतिनिधिले पुरानो रिसीईवी र राजनैतिक आस्थाका आधारमा आयोगमा झुठा उजुरी पर्ने क्रम पनि बढेको दावी र चिन्ता व्यक्त गर्दै छानविन पश्चात् उजुरी झुठा ठहरिए त्यस्ता उजुरीकर्तालाई पनि कार्यवाही हुनुपर्ने सुझाव दिएका थिए ।

उनीहरुले स्थानीय तहमा कर्मचारी अभावलाई परिपूर्ती गर्न ध्यानाकर्षण गराउँदै अख्तियारले गाउँस्तरिय कार्यक्रमको आयोजना हुनुपर्ने लगायतका सुझाव समेत दिए ।

कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख साधना झा, तिलाठी कोईलाडी गाउँपालिकाका प्रमुख सतिश सिंह, रुपनी गाउँपालिकाका प्रमुख हरेराम यादव, पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा लगायतले भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि अवलम्वन गर्नुपर्ने उपायबारे समेत आ-आफनो सुझाव दिएका थिए ।

कार्यक्रममा विभिन्न स्थानिय तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न संघ संस्थाका प्रमुख, शिक्षक, पत्रकार लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

# बिद्युत चुहाचट गर्ने आधा दर्जन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

राजविराज बिद्युत बितरण केन्द्रका कर्मचारी तथा प्रहरीको संयुक्त टोलीले हुकिङ्ग गरि बिद्युत चुहाबट गर्ने आधा दर्जन व्यक्तिलाई मंगलबार पक्राउ गरेको छ ।

राजविराज नगरपालिका ११ बस्ने श्याम कुमार मंडल, नारायण प्रसाद यादव, राजविराज नगरपालिका १ बस्ने एकराम यादव, वडा नम्बर १ कै सत्यनारायण साह, दिनेश यादव र वडा नम्बर २ बस्ने मो. अमिनलाई पक्राउ गरेको हो ।

पक्राउ परेका सबैमाथि बिधुत चुहावट नियन्त्रण बिनियमावली २०५९ अनुसार कार्वाही गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रबक्ता प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिएका छन् ।

### *चोरी...*

लौकही बस्ने २० बर्षीय मो. अजाद अन्सारीलाई स्थानीयहरुले पक्राउ गरि प्रहरी चौकी रामनगरमा बुझाएका हुन् ।

गाउँका सबै खाना खाएर सुतिसकेको मौका छोपी आईतवार मध्यरातमा आएका चोरहरुको समुहले स्थानीय अमृतलाल यादव, रुपलाल यादव, इन्द्रदेव यादव, मनिकलाल साह, कारी यादव लगायतको घरबाट धनमाल चोरी गरेका थिए ।

स्थानीयहरु राती खाना खाएर सुतिरहेका बेला राती करिब १२ बजेतिर पुनः चोरहरु बस्तीमा चोरी गर्न आएको हल्ला चलेपछि भेला भएका स्थानीयहरुले अन्सारीलाई पक्राउ गरेको स्थानीयवासी अशोक कुमार यादवले जानकारी दिएका छन् ।

### *हुलाकी राजमार्गको ...*

आदानप्रदान गर्ने हुलाकी सडकको अवधारणाको विकास भएको थियो । सो आयोजनाको उद्देश्य तराई-मधेशमा रहेका जनतालाई यातायात सर्वसुलभ र सहज बनाउनेसँगै यस क्षेत्रका शिक्षा, स्वास्थ्य, कृषि, व्यापारलगायतको विकास गर्ने रहेको छ । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले गत मङ्सिरमा धनुषा र महोत्तरीका जिल्लामा राजमार्गअन्तर्गत सडक अनुगमन समेत गरेको थियो ।

समितिले सरकारले सडकमा माटो कटान अनियमितरूपमा भइरहेको हुनसक्ने भन्दै प्राविधिकसहितको छानबिन समिति बनाउनुपर्ने सुझाव दिएको थियो । समितिले जनताका सुझाव र त्यहाँका आवश्यकतानुसार कल्भर्ट थप गर्नुपर्ने र सडकको सुरक्षाका लागि 'रिटेनिङ' वाल लगाउनुपर्नेसमेत सुझाव दिएको छ । जलेश्वर-पिपरा, सोहर्वा-पर्सा-पर्कौली र भिट्ठामोडमा छ लेनमा निर्माण गर्नुपर्ने पनि समितिको सुझाव छ । सडकको चौडाइ केन्द्रबाट १५/१५ मिटर हुनेछ । सरकारले आव २०७९/८० सम्ममा सडक निर्माण गरिसक्ने लक्ष्य लिइएको छ । आयोजनाको संशोधित बजेट रु ६१ अर्ब रहेको छ ।

## विश्व समाचार

# महात्मा गान्धीको दृष्टिकोणमा अमेरिका उभिन्छ : ट्रम्प

नयाँ दिल्ली, १३ फागुन (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले महात्मा गान्धीको दृष्टीकोणमा अमेरिका सशक्तरुपमा उभिने प्रतिबद्वता जनाउनु भएको छ ।

भारत भ्रमणमा रहनु भएका ट्रम्पले मङ्गलबार गान्धीको समाधीस्थल राजघाटमा पुगेर गान्धीप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै गान्धीको दृष्टीकोणप्रति अठोट व्यक्त गर्नुभएको हो ।

समाधिस्थलमा राखिएको आगन्तुक पुस्तिकामा उहाँले लेख्नुभएको छ, "स्वायत्त र स्वतन्त्र भारतका लागि महात्मा गान्धीले खेल्नु भएको भूमिका र महात्मा गान्धीका अन्य दृष्टीकोणप्रति अमेरिकी जनता सशक्तरुपमा उभिन्छन्, यही नै तपाइप्रति श्रद्धासुमन छ ।"

महात्मा गान्धीलाई श्रद्धाञ्जलि दिन अमेरिकी प्रथम महिला तथा ट्रम्पपत्नी मेलानीया ट्रम्प पनि राजघाट जानु भएको थियो ।

त्यहाँ रहँदा उहाँहरुले एक मिनेट मौन धारण गर्नुभएको थियो । सो अवसरमा उहाँहरुलाई केन्द्रीयमन्त्री हरदीप सिंह पुरीले महात्मा गान्धीको अर्धकदको प्रतिमा उपहार स्वरुप प्रदान गर्नुभएको थियो ।

राजघाटमा राष्ट्रपति ट्रम्प दम्पत्तिले बृक्षरोपण पनि गर्नुभएको थियो । दुई दिने भ्रमणका लागि सोमबार भारत आउनु भएका ट्रम्पको टोली भ्रमणको पहिलो दिन गुजरातमा बनाइएको संसारकै सबैभन्दा ठूलो मानिने मोटेरा क्रिकेट रङ्गशाला र प्रेमको प्रतिक मानिने ताज महल जानुभएको थियो।¶ ।

रङ्गशालामा नमस्ते ट्रम्प नाम दिइएको भव्य कार्यक्रमको आयोजना गरिएको थियो र त्यहाँ दुवै नेताले सम्बोधन गर्नु भएको थियो ।

आफ्नो कार्यकालको अन्तिम वर्ष भारत भ्रमणमा आउनु भएका ट्रम्प मङ्लबार राति स्वदेश फर्किने कार्यक्रम रहेको छ ।

ट्रम्पको भारत भ्रमणले भारत र अमेरिकाबीचको सम्बन्धमा सकारात्मक प्रभाव पर्ने विज्ञले विश्वास व्यक्त गरेका छन् ।

# भारतमा भएको झडपमा सात जनाको मृत्यु

नयाँ दिल्ली, १३ फागुन (रासस/एएनआई) ।

भारतको केन्द्रीय राजधानीमा भएको झडपमा परी सात जनाको मृत्यु भएको छ ।

नागरिकतासम्बन्धी नयाँ ऐनको पक्ष र विपक्षमा प्रदर्शनमा उत्रिएकाका बीचमा भएको झडपका क्रममा उनीहरुको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सोमबार राजधानीका धेरै ठाउँमा प्रदर्शन र झडपका घटना भएका छन् । दिल्ली प्रहरीले घटनामा परी सात जनाको मृत्यु भएको र त्यसमध्ये एक जना प्रहरी र अरु छ जना सर्वसाधारण नागरिक रहेको बताएको छ ।

केन्द्रीय गृहमन्त्री अमित शाहले झडपको घटना भएपछि सोमबार राति सुरक्षा उच्च अधिकारीसँग छलफल गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पको भ्रमणको केही घण्टाअघि विवादास्पद नयाँ नागरिकता कानुनको विषयलाई लिएर विरोध प्रदर्शन भएको हो ।

उत्तरपूर्वी दिल्लीस्थित मुसलमान बाहुल्य क्षेत्रमा आइतबारदेखि प्रदर्शन र हिंसा सुरु भएको समाचारमा जनाएको छ । प्रदर्शन मङ्गलबार पनि जारी छ ।

ढुङ्गामुढा गरिरहेको भीडलाई पन्छाउन प्रहरीले अश्रुग्यास प्रहार गर्नुका साथै लाठीचार्ज पनि गरेको थियो ।

# अमेरिकासँग साझेदारीका महत्वपूर्ण सवै पक्षमा छलफल भयो : मोदी

नयाँ दिल्ली, १३ फागुन (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग साझेदारीका सबै महत्वपूर्ण पक्षका बारेमा छलफल भएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनु भएको छ ।

भारत भ्रमणमा रहनु भएका ट्रम्पसँग मङ्गलबार हैदरावाद हाउसमा भएको भेटवार्ताका क्रममा रक्षा, सुरक्षालगायतका विषयमा पनि कुराकानी भएको उहाँले बताउनुभयो ।

आज हामीले अमेरिका र भारतकाबीचमा साझेदारी गर्न सकिने सबै महत्वपूर्ण पक्षमा छलफल गरेका छौं, मोदीले भन्नुभयो ।

उहाँले रक्षा, सुरक्षा, उर्जा, रणनीतिक साझेदारीता, व्यापार, नागरिक नागरिक सम्बन्धलगायतका बारेमा पनि छलफल भएको जानकारी दिनुभयो ।

अन्तरराष्ट्रिय चासो र स्वार्थ, एसिया प्यासेफिक स्टाटेजी, तेल र ग्यासलगायतका विषय पनि आफूको छलफलका क्रममा उठेको मोदीको भनाइ छ ।

# स्वामी विवेकानन्द संस्कृति ज्ञान प्रतियोगिता २०७६ हुने



**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

हिन्दु स्वय सेवक संघ नेपाल शाखा सप्तरीले 'स्वामी विवेकानन्द संस्कृति ज्ञान प्रतियोगिता २०७६" को आयोजना गर्ने भएको छ ।

संघले मंगलबार पत्रकार सम्मेलन गरि हिन्दु धर्म, संस्कृति र साहित्यका प्रवर्तक स्वामी विवेकानन्दको स्मृति एवं सम्मानमा आगामी फागुन १७ गते शनिबारका दिन एक हजार भन्दा बढी विद्यार्थीको सहभागीतामा सो ज्ञान प्रतियोगिताको आयोजना गर्ने जानकारी दिएको छ ।

पत्रकार सम्मेलनमा शाखा प्रमुख एवं संघ चालक भोगेन्द्र झाले स्वामी विवेकानन्दको स्मृति एवं सम्मानमा आयोजना हुने सो प्रतियोगितामा जिल्लाका ६० निजी तथा सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ सम्मका १ हजार २ सय विद्यार्थीको सहभागीता रहने जानकारी दिए ।

५० वटा बहुबैकल्पिक प्रश्नहरु समावेश गरी संचालन हुने प्रतियोगितामा प्रथम स्थान ल्याउनेलाई नगद सहित ११ हजार १, द्वितीय हुनेलाई ७ हजार १, तृतीय हुनेलाई ५ हजार १ तथा १० जनालाई सान्तवना पुरस्कार स्वरुप जनही ५ सय १ र सम्मान पत्र प्रदान गरिने शाखा प्रमुख झाले बताए ।

सप्तरी जिल्लामा तेस्रो पटक उक्त प्रतियोगिता आयोजना हुन लागेको जानकारी दिँदै उनले युवा विद्यार्थीहरुमा अनुशासन, ईमान्दारिता, राष्ट्रिय भावनाको विकास तथा हिन्दु धर्म संस्कृति र साहित्यको रक्षा गर्न अभिप्रेरित गर्ने उद्देश्यले प्रत्येक वर्ष स्वामी विवेकानन्दको स्मृति एवं सम्मानमा संस्कृति ज्ञान प्रतियोगिता तथा अन्य विविध कार्यक्रमको आयोजना गर्दै आएको बताए ।

# विद्यालय सुरक्षा सम्बन्धि कार्यशाला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

विद्यालयमा सञ्चालित बृहत विद्यालय सुरक्षा तथा जलवायु उत्थानशील कार्यक्रम बारे सिकाई आदान प्रदान कार्यशाला गोष्ठी मंगलवार राजविराजमा सम्पन्न भएको छ ।

युनिसेफको सहयोगमा आसमान नेपालद्वारा सप्तरीको १२ वटा पालिकाका ६२ विद्यालयमा संचालित कार्यक्रमको समिक्षा गर्दै सिकाई आदान प्रदान गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको हो ।

आयोजित गोष्ठीमा आसमान नेपालका कार्यक्रम संयोजक संजीव कुमार साहले कार्यक्रम सञ्चालन भईरहेको विद्यालयहरुमा प्राकृतिक बिपति र जलवायु परिवर्तनबाट हुने असर बारे जनचेतनामुलक गतिबिधिहरु सञ्चालन भईरहेको जानकारी दिए ।

कार्यक्रम अन्तर्गत विद्यालयहरुमा आगलागी, भुकम्प, बाढी, हावाहुरी तथा शितलहर जस्तो प्राकृतिक बिपति बारेको जिङ्गल बनाएर हस्तान्तरण गरिएको जानकारी दिनुहुँदै कार्यक्रम संयोजक साहले त्यो जिङ्गल विद्यालयहरुमा प्रार्थनाको समयमा बजाउने गरेको जानकारी दिए ।

आसमान नेपालका अर्का फिल्ड सुपरभाईजर महेन्द्र सदाद्वारा सञ्चालित तथा शिक्षा विकास तथा समन्वय ईकाई सप्तरीका प्रमुख फनिन्द्र खत्रीको अध्यक्षतामा आयोजित कार्यक्रममा बलान बिहुल गाउँपालिकाकी उपाध्यक्ष रुबी गुप्ता, रेडक्रस सोसाईटीका सभापति जोगेन्द्र भगत, आसमान नेपालका फिल्ड सुपरभाईजर चन्द्रकिशोर कल्याणलगायत सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।


## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि
## यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**


## शिलबन्दि दरभाउ पत्र आह्वान सम्बन्धि सुचना


**प्रथम पटक प्रकाशितमिति २०७६/११/१३ गते**

सेभ द सप्तरी बालबालिकाहरुको जीबनमा दीर्घकालीन रुपमा सकारात्मक परिबर्तन गर्न बिगत ६ बर्ष देखी सेभ द चिल्ड्रेनसंगको साझेदारमा सम्मुनती (स्पोन्सरसीप) कार्यक्रम संचालन गर्दै आएको एउटा मुनाफा रहित राष्ट्रिय गैर सरकारी संस्था हो । यस सेभ द सप्तरीले यस बर्ष सन २०२० मा सप्तरी जिल्ला भित्र गरिने कार्यक्रमका लागी मसलन्द सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु भित्र रहने गरी ईच्छुक इजाजत पत्र प्राप्त आपुर्ती कर्ता तथा मसलन्द सामाग्रीहरुको पसलहरुबाट रित पूर्वकको शिलबन्दी दरखास्त आह्वानको लागि यो सुचना प्रकासित गरिएको छ ।

**शर्तहरु :**

- शिलबन्दि दरखास्त पेश गर्ने आपुर्ती कर्तासंग मसलन्द सामाग्री आपुर्ती गर्ने कार्य अनुभब भएको हुनु पर्नेछ ।
- शिलबन्दि दरखास्त पेश गर्ने आपुर्ती कर्ता नेपाल सरकारको आयकरको नियमानुसार मुल्य अभिबृद्धि कर (भ्याट)मा दर्ता लगाएत कम्पनी दर्ता नियमावली सम्बन्धि दर्ता भई पुर्ण रुपमा अद्याबधिक भएको हुनुपर्नेछ ।
- अन्तराष्ट्रिय गैर सरकारी तथा राष्ट्रिय गैर सरकारी र सरकारी कार्यालय लगायत अन्य संघ संस्थाहरुमा सेवाप्रदान गर्दै आईरहेकोलाई बिशेष ग्राहयता दिइनेछ ।
- शिलबन्दि दरखास्त पेश गर्ने समयाबधि मिति २०७६।११।१३ देखी २०७५।११।२७ सम्म बिहान १० बजे देखी ५ बजे सम्म रहनेछ र सो समयाबधि पछि प्राप्त शिलबन्दि दरखास्त स्वत: बद्दर ठहरिनेछ ।
- यस शिलबन्दि बोल पत्र सम्बन्धि सम्पुर्ण निर्णय संस्थाको खरिद समितिमा निहित रहनेछ र बोलपत्रको स्वीकारोक्ती आंशिक पनि संस्थाले गर्न सकिनेछ ।
- यस शिलबन्दि बोल पत्र सम्बन्धि बिस्तृत बिबरण कार्यालय समयभित्र संस्थाको सम्बन्धित शाखामा सम्पर्क राख्न सकिनेछ । मसलन्द सम्बन्धि सामाग्रीहरुको Quotation फारम संस्थामा निशुल्क उपलब्ध गरिएको छ ।
- शिलबन्दि बोलपत्र खोलिने मिति २०७६।११।२९ गते सेभ द सप्तरीको बैठक कक्ष

**कार्यालयको ठेगाना**
**सेभ द सप्तरी**
**राजबिराज -७, सप्तरी**
**फोन न.०३१ ५२०९४२**
**Email: savethesaptari14@gmail.com**


**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।** हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*